# ECHO OF HIS CALL

ECHO OF HIS CALL
REACHING NATIONS
SINCE 1969
1969 TO 2029

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ | 16 Languages | Associate Editors : Bro. BHUVAN DEVKOTA, Bro. RAJ KUMAR BHANDARI

Vol. XXV | YEAR OF OUR LORD JESUS CHRIST, 2025 SEPTEMBER | No. 09


### पवित्र बाइबल

कृपया यो खण्ड कण्ठ गर्नुहोस्।

**भजनसंग्रह ८१:१-८**

१. परमेश्वरको निम्ति आनन्दले गाओ, उहाँ हाम्रो शक्ति हुनुहुन्छ, उच्च सोरले याकूबका परमेश्वरको जयजयकार गर ।

२. भजन गाओ र खैंजडी बजाओ, सारङ्गीको साथ मीठो बज्ने वीणा पनि बजाओ ।

३. औंसीको दिन र पूर्णिमा अनि हाम्रो ठूलो चाडको दिनमा तुरही बजाओ ।

४. इस्राएलको निम्ति यो एउटा विधि हो, याकूबका परमेश्वरको यो एउटा आदेश हो ।

५. जब उहाँ मिश्र देशको विरुद्ध उठ्नुभयो, जहाँ हामीले नबुझ्ने भाषा सुन्यौं, उहाँले योसेफको निम्ति यो एउटा कानूनझैं जारी गर्नुभयो ।

६. उहाँ भन्नुहुन्छ, मैले तिनीहरूका काँधबाट भारी उतारिदिएँ, डालोको बोझबाट तिनीहरूका हात मुक्त भए ।

७. दुःखमा पर्दा तिमीहरूले पुकार्‍यौ र मैले तिमीहरूलाई छुटाएँ, वज्र पार्ने मेघबाट मैले तिमीहरूलाई उत्तर दिएँ, मेरीबाका पानीमा तिमीहरूलाई परीक्षा गरें । सेला

८. हे मेरा प्रजा, सुन र म तिमीहरूलाई चेताउनी दिनेछु- हे इस्राएल, तिमीहरूले मेरा कुरा सुनेका भए त ।

# कठिन समयमा पनि स्थिर र साहसी हुनुहोस्

**HOLD FAST & BE COURAGEOUS EVEN IN HARD TIMES!**

बहिनी एन्जल



हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको नाउँमा तपाईंलाई आशिष्मय अभिवादन, जसमा मात्रै असामान्य र अलौकिक काम गर्ने शक्ति रहेको छ । तपाईं सबै आरामै हुनुहुन्छ भनेर म विश्वास गर्छु र तपाईं साथै तपाईंको आत्मा पनि समृद्ध भएको होस् भनेर म प्रार्थना गर्दछु ।

केही दिनअघि, म दानिएल ३ अध्याय पढिरहेको थिएँ । मैले अघि पनि धेरै पटक यो खण्ड पढेको भए पनि यो समयमा यस खण्डले मलाई गहन आनन्द र निश्चयतामा ल्याएको थियो । तपाईंसँग मनन गरिएका केही कुराहरू बाँड्न मलाई अगुवाइ भएको छ ।

## हिब्रू दाजुभाइहरू:

दानिएल ३ अध्याय नाटकीय र गम्भीर दृश्यसँगै सुरु हुन्छ । तीन जना हिब्रू मानिसहरू- शद्रक, मेशक र अबेद्नगोलाई- राजा नबूकदनेसरले स्थापना गरेको सुनको मूर्तिको अघि निहुरिन र आराधना गर्न तिनले आज्ञा गरेका छन् । जब तिनीहरूले त्यस्तो गर्न इन्कार गर्छन्, तिनीहरूलाई बलिरहेको आगोको भट्टीमा फालिन्छ ।

हामीले अध्याय ३ लाई अझै गहन रूपमा अनुसन्धान गर्नुअघि सन्दर्भको निम्ति अध्याय २ मा छोटकरीमा हेर्न महत्वपूर्ण हुन्छ । त्यो अध्यायमा राजा नबूकदनेसरले समस्या दिने सपना देखेका

बाँकी पृष्ठ ३ मा


बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल



यूट्यूब ख्रीष्टियान च्यानल

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ ।

५ मिनेटको सन्देश

अंग्रेजी र हिन्दी, तामिल र तेलगू

हरेक दिन: बिहान २ बजे देखि

तामिल आइतवार सेवा: बिहान ८:३० बजे

* Please Subscribe and Share *

# बोलावटको प्रतिध्वनि - (Marching towards 60th year)



## तपाईंको प्रिय भाइबाट....



**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।


HON. EDITOR-IN-CHIEF
Rev. Dr. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.
EX MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.
GENERAL MANAGER
Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM, MBA.
ADMINISTRATION
Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)
EDITORIAL BOARD
Dr. Serena Bevin, M.A., M.Phil., B.Ed.
Sis. Sajini Cherian
Rev. Dr. K.R. Rajasekaran
Rev. Dr. William Robert, Ph.D., DD, D.Lit.



EDITOR, PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 98412 71858 95661 31858
E.MAIL
sam@echoofhiscall.org
biblecor@yahoo.co.in
WEBSITES
www.echoofhiscall.org
www.stpaulsmatriculation.org
YOUTUBE CHANNEL
Echo of His Call


**परमप्रभुको दृष्टिमा जुन-जुन कुरा ठीक र असल छन् त्यही गर ताकि तिमीहरूको कल्याण होस्... (व्यवस्था ६:१८) ।**

प्रिय मित्रहरू,

हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अमूल्य नाउँमा तपाईंलाई अभिवादन ।

तपाईंका निरन्तरको प्रार्थना, निरन्तरको परिश्रम र उदारचित्तको स्वतन्त्र भेटीद्वारा पर्दापछाडि मसँगै विश्वासयोग्य रूपमा खडा हुनुभएका प्रभुमा मेरा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा म आफ्नो गहिरो धन्यवाद दिंदछु । दिनहुँ चुनौतीहरू, परीक्षा र कष्टको बीचमा पनि देशहरूमा परमेश्वरको नाउँको घोषणा गर्न सक्षम बनाउँदै तपाईं सबै जना मेरो निम्ति परमेश्वरको अनुग्रही वरदान हुनुहुन्छ ।

मेरो निम्ति, म परमेश्वरको गवाहीहरूमा स्थिर भएको छु र उहाँले मलाई शर्ममा पार्नुहुनेछैन भनेर म विश्वास गर्दछु । भजनसंग्रह ११९:३१ मा भजनसंग्रहका लेखकले भन्दछन्:

**तपाईंका कानूनहरूमा म स्थिर रहन्छु, हे परमप्रभु, मलाई शर्ममा पर्न नदिनुहोस् ।**

स्थिर रहनुको अर्थ टाँसिन, अड्किनु, समात्नु र रहिरहनु हो । जब परमेश्वरले आफ्ना मानिसहरूलाई आफ्ना आज्ञा दिनुभएको थियो, एउटा दोहोरिएको जोड दिइएको कुराचाहिँ स्थिर रहनु वा बलियो गरी जोडिएर रहनु भन्ने हो । यो स्थिर समर्पणताबिना प्राप्त गर्ने व्यक्तिहरूका निम्ति परमेश्वरले दिनुभएको लक्ष्यमा पुग्ने अन्य कुनै मार्ग छैन ।

व्यक्तिगत रूपमा, परमप्रभुमा टाँसिने यो यात्रा मेरो प्रारम्भिक युवावस्थादेखि सुरु गरेको थिएँ । सफल आत्मिक यात्राको मार्ग सहज र आरामदायी हुँदैन भनेर मैले बुझेको छु । यसको निम्ति निरन्तरको प्रयास- हाम्रो सारा हृदयको साथमा उहाँमा रहने, स्थिर रहने, टाँसिने हो ।

यी केवल वचन मात्रै होइनन्; यसले गहन आत्मिक अनुभवहरू प्रतिबिम्बित गर्दछ । घाम वा आँधीमा, असफलताहरू, धोका, एक्लोपना, बिरामी, नोक्सानी, कष्ट, परीक्षा र सतावटहरूमा पनि परमेश्वरमा निरन्तर रहिरहने बारेमा यसले बताउँछ ।

जसरी कुनै थोक अर्को सतहमा बलियो गरी जोडिएको हुन्छ, जुन सजिलै अलग हुन सक्दैन, त्यसरी नै हाम्रा जीवन प्रभु येशू ख्रीष्टसँग बलियो गरी जोडिनुपर्छ । जब हामी उहाँसँग साँचो रूपमा जोडिन्छौं, उहाँ हाम्रो जीवनको अलग पार्न नसकिने भाग बन्नुहुन्छ ।

योचाहिँ बलियो चट्टानमा निर्माण भएको जीवन हो- डुब्ने बालुवा होइन ।

आज हाम्रो आफ्नै जीवनमा बाइबलमा भएका घटनाहरू पूरा भइरहेको हामीले देख्न सक्छौं । परमप्रभु परमेश्वर, येशू ख्रीष्ट अझै पनि जीवित हुनुहुन्छ र हाम्रो बीचमा काम गरिरहनुभएको छ भनेर विभिन्न विश्वासका र जीवनका हिँडाइका मानिसहरूले गवाही दिनेछन् ।

एक पटक, जीवनको उजाडस्थानको अनुभवमा परमेश्वरमा स्थिर रहने, टाँसिने वा रहने कुराले तनाव र उहाँसँगको हाम्रो सम्बन्धमा कष्ट पनि ल्याउन सक्छ । तापनि, परमेश्वरको वचनले हामीलाई निश्चयता दिलाउँछ:

Our Ministries: ECHO OF HIS CALL Monthly Magazines (16 languages) BIBLECOR - Postal Courses (3 languages) YouTube Ministry Online Courses Theological Correspondence Courses (2 languages) Church Planting Nehemiah Bible Colleges Gospel Printing Press Great Commission Partners St. Paul's Matriculation School Crusades Community Development

**तर परमप्रभु तिमीहरूका परमेश्वरसित लागिरहने तिमीहरूमध्येको प्रत्येक आजसम्म जीवित छ** (व्यवस्था ४:४) ।

प्रभु येशू ख्रीष्टमा स्थिर रहौं भन्ने हाम्रो नारा होस् । यो त्यही स्थिर विश्वास हो, जसले हामीलाई विजेता र प्राप्त कर्ता बनाउँदै परीक्षाको जीवनमा विजयी बनाएर अगुवाइ गर्नेछ ।

यो स्थिर समर्पणता परमेश्वरको श्रद्धेय भयमा जरा गाडिएको हुनुपर्छ, जुन हाम्रो जीवनको हरेक क्षेत्रमा प्रतिबिम्बित हुन्छ ।

तपाईं मेरो प्रार्थनामा हुनुहुन्छ । प्रभु येशू ख्रीष्टलाई बेस्सरी समातिरहनुहोस् । तपाईंको जीवनका बाँकी यात्रा आशिषित र फलदायी हुनेछ ।

हाम्रो प्रभु येशू ख्रीष्टको अनुग्रह तपाईंसँग सदैव रहोस् ।

भाइहरू, कृपया हाम्रो निम्ति निरन्तर प्रार्थना गरिदिनुहोला ।

ख्रीष्ट येशूमा तपाईंको सेवक,

*पा. एस. साम सेल्भाराज*

इमेल: sam@echoofhiscall.org

पृष्ठ १ बाट

छन् । **तिनले त्यस सालिकको टाउको निक्खर सुनको, त्यसका छाती र हातहरू चाँदीका, त्यसका पेट र तिघ्राहरू काँसाका, त्यसका गोडाहरू फलामका र त्यसका खुट्टाहरू केही फलाम र केही माटोका देखेका थिए** (दानिएल २:३१-३३) ।



*King Nebuchad-nezzar has a troubling dream*

तिनले दानिएललाई सपनाको अर्थ खोल्न बोलाए । **टाउकोको सुनले राजा नबूकदनेसरलाई प्रतिनिधित्व गर्दछ भनेर दानिएलले व्याख्या गरे र त्यसपछि तिनीपछि अर्को राज्यको उदय हुनेछ- तर कोही पनि महिमित वा शक्तिशाली हुनेछैनन्** (दानिएल २:३८-३९) ।

अध्याय २ र अध्याय ३ बीचको समयको अवधीको बारेमा हामीलाई बताइएको छैन तर राजाको हृदयमा केही कुरा भएको हामीले देख्न सक्छौं । सायद तिनले सोचे होलान्, म बितेर जानेछु र मपछि कोही अरूले शासन गर्नेछ । तर मेरो सुनौलो यसगको मेरो शासन मानिसहरूले सम्झेको म चाहन्छु । घमण्ड वा असुरक्षाबाट प्रेरित भएर तिनले सम्भवत: आफ्नै सुनको ठूलो मूर्ति निर्माण गर्ने निर्णय गरे- सबैले त्यसको अघि श्रद्धाले निहुरेको माग गरे ।

## १. स्वतन्त्रतासँग बाँधिएको:

दानिएल ३:२१- **तब यी मानिसहरू दौरा, सुरुवाल, टोपी र अन्य लुगाहरूसित बाँधिएर दन्किरहेको आगोको भट्टीमा फ्याँकिए ।**

राजाले तिनीहरूलाई समातेका थिए, तिनीहरूलाई बाँधेका थिए र बलिरहेको आगोको भट्टीमा तिनीहरूलाई फालिदिएर तिनीहरूका स्वतन्त्रता हरण गरेका थिए भनेर सोचेका थिए । शत्रुले परमेश्वरको योजना सफलतापूर्वक ध्वस्त गरेको- असफल बनाएको, ढिला गरेको वा त्यसलाई नष्ट गरेको भनेर विश्वास गरेको हुनुपर्छ । तर परमेश्वरको योजना अझ अघि बढिरहेको थियो ।

एक क्षणको निम्ति तीन जना हिब्रू मानिसहरूको निम्ति त्यो अन्त्य भएझैं



*God had a greater plan*

देखिन्थ्यो । जब परमेश्वरले तुरुन्तै हस्तक्षेप गर्नुभएन, तब शैतान आनन्दित भएको हुनुपर्छ । प्राय: जब हामीले प्रार्थना गर्छौं, परमेश्वरले एक पटक जवाफ दिनुहुन्छ । तर अन्य समयमा चाहिं मौनता हुन्छ- कहिलेकाहीं वर्षौंसम्म । यो मौनताले हाम्रो विश्वासलाई थर्मराउन सक्छ र हामीले हरेस खानतिर परीक्षित गर्न सक्छ ।

मलाई तपाईंको बारेमा थाहा छैन तर मैले यो अनुभव गरेको छु जब प्रार्थना गरेपछि अवस्था राम्रो हुनुको साटो अझ नराम्रो हुन्छ । हामीले हिब्रू दाजुभाइको कथामा हेर्छौं भने तिनीहरूले आफ्नो विश्वासको बारेमा निडरतापूर्वक स्वीकार





## अत्यन्तै जरुरी सूचना

निकट भविष्यमा बोलावटको प्रतिध्वनिको हुलाक वितरणमा रोक्नै नसकिने व्यवधान आउन सक्ने भएको छ । तपाईंले बिना कुनै रोकावट बोलावटको प्रतिध्वनि निरन्तर प्राप्त गरिरहन चाहना गर्नुहुन्छ भने कृपया हामीलाई तपाईंको नाम, ठेगाना, इमेल र ह्वाटसएप नम्बर पत्र, इमेल, फोन कल वा एसएमएस वा ह्वाटसएप सन्देशबाट तुरुन्तै पठाउनुहोला ।

तपाईंलाई अझ राम्रो गरी सेवा गर्न तपाईंको सहायोगले हामीलाई सहायता गर्दछ ।

**हाम्रो ठेगाना:**

**बोलावटको प्रतिध्वनि**
**10, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005, India**
**Cell: (+91) 98412 71858 / 98410 71858 E.mail: sam@echoofhiscall.org**

गरेपछि, सात गुणासम्म आगोलाई चर्काइएको थियो ।

प्रिय मित्रहरू, सायद तपाईंले आफैंलाई प्रश्न गरिरहनुभएको पाउनुभएको छ प्रभु, यो नराम्रो अवस्थाबाट किन झन् नराम्रो हुँदै गइरहेको छ ? मैले प्रार्थना गरिरहेको छु- तपाईंले यो किन हुन अनुमति दिनुभयो ?

हो, परमेश्वरले तिनीहरूलाई आगोको भट्टीमा फालिनबाट रोक्न सक्नुहुन्थ्यो । तिनीहरू त्यहाँभित्र प्रवेश गर्नुअघि नै ती आगोका ज्वालालाई बन्द गर्न सक्नुहुन्छ । तर उहाँ त्योभन्दा पनि महान् काम गर्नुभयो- उहाँले तिनीहरूलाई आगोमा पर्खनुभयो । आफ्नो हातमा तिनीहरूलाई समात्न तयार भएर उहाँ त्यहाँ हुनुहुन्थ्यो ।

जब तिनीहरू आगोको भट्टीमा फालिए, तिनीहरू सिधै परमेश्वरको अनन्त हातमा खसेका थिए भनेर म विश्वास गर्दछु । उहाँ तिनीहरूभन्दा पहिले नै अघि नै गइसक्नुभएको थियो । परमेश्वर सधैं हामीभन्दा अघि जानुहुन्छ- हामीलाई बचाउन आगोमा पनि हामीभन्दा अघि जानुहुन्छ । आगोको ज्वालाले भरिएको भट्टीको बीचमा पनि उहाँ त्यहाँ हुनुहुन्छ । तपाईं एक्लो हुनुहुन्न । उहाँ त्यहाँ पर्खिरहनुहुनेछ- तपाईंलाई बलियो बनाउन, तपाईंलाई कायम राख्न ।

परमेश्वरको अनुमतिबिना हाम्रो जीवनमा केही पनि हुँदैन । उहाँले गम्भीर संघर्षको समय अनुमति दिनुहुन्छ- हामीलाई हानि गर्न होइन तर आउने पुस्ताको निम्ति जीवित गवाहीको रूपमा हामीलाई प्रयोग गर्न । हाम्रो जीवन र हाम्रो गवाही खडा हुनेछ । परमेश्वरले हामीलाई विरासत छोडेर जान बोलाउनुभएको छ ।

## २. स्वतन्त्रतामा बिस्तारै हिँड्ने

जब तीन जना मानिसलाई आगोमा फ्याँकिएको थियो, तिनीहरूका बन्धन खोलिए । तिनीहरूका हात र गोडा बाँधिएका डोरीहरू भष्म भए । परमप्रभुको उपस्थितिमा तिनीहरू स्वतन्त्र थिए- परमेश्वरको पुत्र तिनीहरूको छेउमा रहेर आगोमा बिना कुनै हानि हिँडिरहे ।

**...हेर त, आगोभित्र चार जना मानिसहरू वरिपरि हिँडिरहेको देख्दछु, तिनीहरू नबाँधिएका र कुनै हानि नभएका देखिन्छन्...** (दानिएल ३:२५) ।



***Four men loose, walking in the midst of the fire***

तामिल भाषाको बाइबलमा यो पदलाई सुन्दरतापूर्वक देखाइएको छ- यसले केवल तिनीहरू हिँडिरहेका थिए भनेको छैन तर तिनीहरू बिस्तारै आनन्दसाथ हिँडिरहेका थिए भनेर लेखिएको छ । कस्तो सुन्दर चित्र । यी मानिसहरू स्वतन्त्र भएका थिए- तिनीहरूलाई नष्ट गर्ने योजना गरिएको स्थानमा स्वतन्त्र ।

प्रिय दाजुभाइ तथा दिदीबहिनी, तपाईंले अहिले नै आफूलाई आगोको बीचमा भएको पाउन सक्नुहुन्छ । तर जबसम्म तपाईं परमेश्वरको उपस्थितिमा रहनुहुन्छ, तबसम्म तपाईं स्वतन्त्र हुनुहुन्छ । तपाईं हरेक बन्धनलाई तोड्न सक्ने हुनुभएको छ । येशू ख्रीष्टको रगतमा स्वतन्त्रता छ ।

मलाई सबैभन्दा अचम्ममा पार्ने कुरा तिनीहरूले छुटकारा पाएका थिएन भन्ने होइन तर तिनीहरूले के गरिरहेका थिए, त्यो थियो. तिनीहरू आफ्ना सृष्टिकर्तासँग बिस्तारै आरामसँग हिँडिरहेका थिए ।

यसको बारेमा सोच्नुहोस्- हामीले प्रायः कहिले बिस्तारै आनन्दसाथ हिँड्छौं ? मानिसहरू बगैंचा वा पार्कमा शान्त भएर र हतार नगरी, प्रकृति वा असल साथीको साथमा आनन्द गर्दै बिना कुनै दबाब वा चिन्ता आफ्नो समय लिँदै बिस्तारै आनन्दसाथ हिँड्छन् ।

के तपाईंले कल्पना गर्न सक्नुहुन्छ ? शद्रक, मेशक र अबेद्नगो बिस्तारै आनन्दसाथ हिँडिरहेका थिए- शान्त भएर र बिना कुनै दबाब- ज्वालामय आगोको भट्टीको बीचमा । शत्रुले तिनीहरूलाई सिध्याएको थियो भनेर सोचेको थियो तर त्यसले एउटा शक्तिशाली सत्यतामा विचार गरेको थिएन: परमेश्वर तिनीहरूको साथमा हुनुहुन्थ्यो ।

आत्मविश्वासको साथमा ठूलो सोरले भन्नुहोस्, परमेश्वर मेरो साथमा हुनुहुन्छ ।

## ३. कुनै हानि छैन

तिनीहरूका हात र गोडा मात्रै स्वतन्त्र भएका थिएनन्, तिनीहरू परमप्रभुसँग हिँडिरहेका मात्रै थिएनन्- तिनीहरू पूर्णरूपमा सुरक्षित थिए । दानिएल ३:२५ ले घोषणा गर्दछ, ...**कुनै हानि नभएको देखिन्छ...** ।

**यो कसरी सम्भव छ ?**

त्यहाँ आगोको कुनै प्रमाण थिएन भन्ने यसको अर्थ हो- कुनै जलेको, फोका वा तिनीहरूमा आगोको गन्ध पनि थिएन । परमेश्वरले तिनीहरूलाई पूर्णरूपमा छोप्नुभएको थियो, तिनीहरू कहिल्यै पनि आगोमा परेका थिएनन् भन्ने तरिकामा ।

जसै तिनीहरूलाई आगोको भट्टीतिर लगिँदै थियो, तिनीहरू भजनसंग्रह २३ गाइरहेका थिए भनेर म कल्पना गर्छु ।

**हो, मृत्युको अन्धकारमय घाटी भएर जानुपरे पनि म कुनै खतरादेखि डराउनेछैनँ किनकि तपाईं मेरो साथमा हुनुहुन्छ । तपाईंको लठ्ठी र तपाईंको लहुरोले मलाई सान्त्वना दिन्छन्** (भजनसंग्रह २३:४) ।



***Yea, though I walk through the valley of the shadow of death, I will fear no evil!***

...Contd. to page 6

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1969

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रशंसा र प्रार्थनाको बुँदाः सेप्टेम्बर १९ देखि अक्टोबर १८ सम्म

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)



## ✝ परमेश्वरलाई प्रशंसा गरौं...

सेप्टेम्बर १९: हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलको** प्रधानाध्यापक, शिक्षकहरू र कर्मचारी सदस्यहरूका निम्ति ।

सेप्टेम्बर २०: हाम्रा सहसम्पादकहरू र उहाँका परिवारहरूमाथि आशिष्‌को निम्ति ।

सेप्टेम्बर २१: हाम्रो **बाइबल पत्राचार कोर्स र ईश्वरशास्त्रीय पत्राचार कोर्सको** वृद्धिको निम्ति ।

सेप्टेम्बर २२: हाम्रा कर्मचारीहरूका परिवारमाथि उहाँको आशिष् खन्याइको निम्ति ।

सेप्टेम्बर २३: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू, महान् आज्ञाका साझेदारहरू र उहाँका सम्पूर्ण परिवारमाथि परमेश्वरको आशिष्‌को निम्ति ।

सेप्टेम्बर २४: अगस्त महिनामा हाम्रा सबै आवश्यकताहरू पूरा गर्न परमेश्वर विश्वासयोग्य हुनुभएको निम्ति ।

सेप्टेम्बर २५: अगस्त १०, २०२५ मा **बोलावटको प्रतिध्वनि सेवकाइहरू** ५७ औं वर्षमा प्रवेश गर्न तयार भइरहँदा परमेश्वरको अनुग्रहको निम्ति कृतज्ञताको निम्ति ।

सेप्टेम्बर २६: **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलमा** नयाँ भर्नामा परमेश्वरको निगाहको निम्ति ।

सेप्टेम्बर २७: मुख्य मण्डली र सबै शाखा मण्डलीहरूमा हाम्रो आइतवारको सेवामा परमेश्वरको वचनको शक्तिको प्रदर्शनको निम्ति ।

सेप्टेम्बर २८: हाम्रो साँझको **नहेम्याह बाइबल कलेजमा** नयाँ विद्यार्थीहरू ल्याउनुभएको निम्ति ।

सेप्टेम्बर २९: हाम्रा मिसन कर्मचारीहरूले देखाउनुभएको गहन समर्पणताको निम्ति कृतज्ञ भएको निम्ति ।

सेप्टेम्बर ३०: विविध सेवकाइहरूबाट सुसमाचार फैलाउने हाम्रो सिनियर पास्टर र उहाँको निरन्तरको समर्पणताको निम्ति ।

अक्टोबर १: हाम्रो छापाखानाबाट १६ वटा भाषाहरूमा हाम्रो समाचारपत्र छाप्न र प्रकाशन गर्न र ती मिसन क्षेत्रमा पठाउन हामीलाई सक्षम बनाउनुभएको निम्ति ।

अक्टोबर २: **बोलावटको प्रतिध्वनि यूट्यूब** मिडिया सेवकाइबाट ५ मिनेटको बाँडिएको सन्देशबाट प्राप्त भएका उत्साहजनक गवाहीहरूका निम्ति कृतज्ञताको निम्ति ।

अक्टोबर ३: **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल, नहेम्याह बाइबल कलेज र बाइबल पत्राचार कोर्समा** परमेश्वरको निरन्तर आशिष्‌को निम्ति ।

## ✝ कृपया प्रार्थना गरौं...

अक्टोबर ४: नियमित ईश्वरशास्त्रीय सेमिनारहरू सञ्चालन गर्न हामीलाई सहायता गर्न परमेश्वरको निर्देशनको निम्ति ।

अक्टोबर ५: सबै देशहरूमा एकता र शान्तिको निम्ति ।

अक्टोबर ६: हाम्रा सहसम्पादकहरू र उहाँका परिवारहरूमाथि आशिष्‌को निम्ति ।

अक्टोबर ७: हाम्रा साझेदारहरू, प्रान्तीय संयोजकहरू र उहाँका परिवारहरूका निम्ति ।

अक्टोबर ८: संसारभरि रहेका मानिसहरूको सुरक्षा र हीतको निम्ति ।

अक्टोबर ९: **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलमा** नयाँ विद्यार्थीको भर्नाको निम्ति (गाउँको हाई स्कुल) ।

अक्टोबर १०: हाम्रो सुसमाचारीय छापाखानामा परमेश्वरको आशिष्‌को निम्ति ।

अक्टोबर ११: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारको सुस्वास्थ्य र हीतको निम्ति ।

अक्टोबर १२: परमेश्वरसँगको व्यक्तिगत सम्बन्धमा सबै देशका विश्वासीहरूका बीचमा इमानदारीताको निम्ति ।

अक्टोबर १३: **बोलावटको प्रतिध्वनिको** जवान र आउटरीच सेवकाइहरूका निम्ति ।

अक्टोबर १४: संसारका विभिन्न भागहरूमा आर्थिक मन्दीको अन्त्यको निम्ति ।

अक्टोबर १५: संसारभरि मिसनरीहरूको ईश्वरीय सुरक्षाको निम्ति ।

अक्टोबर १६: हरेक देश परमेश्वरको भय मान्ने अगुवाहरूबाट नेतृत्वको निम्ति ।

अक्टोबर १७: गरिब र सीमान्तकृत मानिसहरूको आर्थिक उन्नतिको निम्ति ।

अक्टोबर १८: हरेक ठाउँमा भएका मानिसहरूमा प्राकृतिक प्रकोपबाट ईश्वरीय सुरक्षाको निम्ति ।

पृष्ठ ४ बाट

अनि वास्तवमा उहाँ तिनीहरूसँग हुनुहुन्थ्यो- जसरी उहाँले प्रतिज्ञा गर्नुभएको थियो, सान्त्वना र छुटकारा दिन पर्खिरहनुभएको ।

उहाँका केही अमूल्य प्रतिज्ञाहरू यहाँ छन्:

जकरिया २:८- **...जसले तिमीहरूलाई छुन्छ, त्यसले उहाँका आँखाको नानीलाई छुन्छ...**

यशैया ४९:१६- **हेर, मैले तँलाई मेरो हत्केलामा खोपेको छु...**

भजनसंग्रह ९१:११- **किनकि उहाँले आफ्ना स्वर्गदूतहरूलाई, तिम्रा सबै मार्गमा रक्षा गर्नलाई आज्ञा दिनुहुनेछ ।**

भजनसंग्रह १२१:७- **परमप्रभुले तिमीलाई सबै विपत्तिबाट जोगाउनुहुनेछ, उहाँले तिम्रो प्राणको रक्षा गरिदिनुहुनेछ ।**

यूहन्ना १०:२८- **तिनीहरूलाई म अनन्त जीवन दिन्छु र तिनीहरू कहिल्यै नष्ट हुनेछैनन् र कसैले तिनीहरूलाई मेरो हातबाट खोसी लैजानेछैन ।**

प्रिय मित्रहरू, तपाईं अहिले जस्तोसुकै डरलाग्दो वा उकुसमुकुस भएको अवस्थामा भए पनि- तपाईं बिना कुनै हानि त्यसबाट बाहिर आउनुहुनेछ । केवल परमप्रभुमा रहिरहनुहोस् । कुनै पनि मार्ग नभएको अवस्थामा पनि उहाँले मार्ग बनाउनुहुनेछ ।

तपाईं हिंसात्मक सम्बन्ध, आर्थिक संकटमा डुबिरहेको, गम्भीर स्वास्थ्य समस्यासँग संघर्ष गरिरहेको, वैधानिक लडाइँमा अल्मलिरहनुभएको वा प्रिय व्यक्तिको गुमाइको शोकमा फस्नुभएको हुन सक्छ । तर यो याद राख्नुहोस्- परमेश्वर तपाईंको साथमा हुनुहुन्छ ।

उहाँका प्रतिज्ञाहरू दाबी गर्नुहोस् । आँधीको समयमा पनि उहाँको प्रशंसा गरिरहनुहोस् । उहाँले तपाईंलाई त्यस अवस्थाबाट निकाल्नुहुनेछ अथवा त्यसलाई सहने अनुग्रह तपाईंलाई दिनुहुनेछ- बिना कुनै हानि ।

तीन जना हिब्रू मानिसहरूझैं, तिनीहरू बिना कुनै हानि आगोबाट बाहिर आए ।

## ४. आगोमा शक्ति थिएन

दानिएल ३:२७ ले भन्दछ, ... **आगोमा शक्ति थिएन...** ।

यसको अर्थ तपाईं हुनुभएको अवस्थासँग तपाईंमाथि कुनै शक्ति छैन । हाल्लेलूयाह ।

तिनीहरूलाई आगोले नष्ट गरेको छ भनेर राजा र तिनका अधिकारीहरूले विश्वास गरेका थिए । तर वास्तवमा भएको घटना अत्यन्तै महत्वपूर्ण थियो: आगोले परिणाम निर्धारण गरेको थिएन- परमेश्वरको शक्तिद्वारा हिब्रू मानिसहरूले अवस्थालाई निर्धारण गरेका थिए ।

म तपाईंलाई यो कुरा बताउँछु तपाईंको अवस्थासँग तपाईंमाथि कुनै शक्ति रहेको छैन- जबसम्म तपाईंले त्यो शक्ति त्यसलाई दिनुहुन्न ।

तपाईंको भय, पीडा वा अभावमा आफ्नो नियन्त्रण समर्पण नगर्नुहोस् । तपाईंमाथि हावी हुने अवस्थालाई इन्कार गर्नुहोस् । परमेश्वरको सन्तानको रूपमा तपाईंले उहाँको अधिकार बोक्नुहुन्छ । आगो वास्तविक हुन सक्छ तर चौथो व्यक्तिसँग हिँड्ने मानिसको विरुद्धमा त्यो शक्तिहीन छ ।

## ५. त्यसले परमेश्वरलाई महिमा ल्याएको थियो

हाम्रो जीवनका हरेक घटनामा- चाहे आनन्दमय वा पीडादायी होस्- एउटा ईश्वरीय उद्देश्य हुन्छ: परमेश्वरलाई महिमा ल्याउने ।

हो, कष्टमा पनि । नोक्सानीमा पनि । आगोमा पनि ।



*King Nebuchadnezzar's command*

आश्चर्यकर्मको गवाही भएपछि राजा नबूकदनेसरले घोषणा गरे:

**तिनीहरूले उहाँमाथि विश्वास गरे र राजाको हुकुमलाई अस्वीकार गरी आफ्ना**

बाँकी पृष्ठ ८ मा

नहेम्याह साँझको बाइबल कलेज
योग्यता:
दश कक्षा र सोभन्दा माथि
चेपाउक र सन्थोसापुरम, Velachery चेन्नाइ
भर्नाको लागि छिटो गर्नुहोस् ।
माध्यम: तामिल (Part Time)
ईश्वरशास्त्रमा डिप्लोमा
Hindi (Residential) (Sponsorship Available)
विगत ५५ वर्षदेखि अन्तरराष्ट्रिय खीष्टियान अगुवाहरु र सिनियर पास्टरहरुबाट पहिचान भएको
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

## MAIN CHURCH PROGRAMMES

1. Prayer Service : 24 hours
2. **ECHO OF HIS CALL** - Monthly Magazines :English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikan.
3. **BIBLECOR** - Basic Bible Courses (English, Tamil & Hindi)
4. Theological Correspondence Courses: English & Tamil
5. Nehemiah Bible Colleges (Chepauk, Santhoshapuram & Velachery)
6. Great Commission Partners (Network of Pastors)
7. Training Programmes – Seminars & Retreats
8. Crusades
9. Literature Distribution and Follow Up
10. Gospel Printing Press - Publications
11. St. Paul's Matriculation School - Village English High School
12. Sunday Schools (Chepauk) : 10.30 a.m. Sunday & (Velachery, Balaji Nagar & Santhoshapuram) 3.00 p.m. Sunday
13. **Early Morning Service : 5.30 a.m. Sunday**
14. **Preliminary Service : 8.00 a.m. Sunday**
15. **Tamil Service : 8.30 a.m. Sunday**
16. **Youth Meeting : 11.00 a.m. Sunday**
17. **Fellowship Lunch : 1.00 p.m. Sunday**
18. **Telugu Service : 4.00 p.m. Sunday**
19. **Hindi Service : 5.00 p.m. Sunday**
20. **Tamil & English Service : 6.00 p.m. Sunday**
21. Feedback Time : 7.30 p.m. Sunday
22. Women's Prayer : 5.30 p.m. Wednesday
23. Men's Prayer : 7.30 p.m. Friday
24. Discipleship Meeting : 6.00 p.m. Saturday
25. House Meetings : 6.30 p.m. Tuesday & Thursday
26. Special Holy Communion : 6.00 a.m. 1st day of each month
27. Ministers' Meeting : 6.00 p.m. First Saturday
28. Parents' Prayer : 4.00 p.m. First Sunday
29. Night Prayer : 9.30 p.m. Third Friday
30. Fasting Prayer : 9:30 a.m. Second Saturday
31. Holy Communion : Second Sunday Services
32. Youth / Kid Prayer : 10.00 p.m. daily (over phone)
33. Staff Devotion : 9.00 a.m. daily
34. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स भारतमा भएकाहरुलाई मात्र

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैहखीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं । तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ । तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ । **कुनै पनि अनिवार्य शुल्कहरू** यसमा लाग्नेछैन । यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागि:**

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, **Post Box 2957**
CHEPAUK, CHENNAI - 600 005.
**Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,**
**Cell : 98410 71852, 95661 31858**
**E.mail : biblecor@yahoo.co.in**

## निःशुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईंले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले निःशुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/ चेकहरू/ मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्नु हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

(पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५) ।

## नम्रताको सेवकाइलाई उचाल्नुहुने परमप्रभु

मेरो सुरुवातको दिनदेखि नै सबै तरिकाहरूमा, कुनै पनि मूल्यमा, कुनै पनि मार्गबाट र हरेक तरिकाबाट परमप्रभुको महिमित सुसमाचारद्वारा मानिसहरूकहाँ पुग्ने र येशू ख्रीष्टको मुक्तिमा आनन्द गर्न तिनीहरूलाई सक्षम बनाउन ठूलो रुचिको साथमा ठूलो बोझ उहाँले मलाई दिनुभएको थियो (१ कोरिन्थी ९:२२) । एकदिन, सुसमाचारको पर्चा दिएर वा व्यक्तिगत रूपमा ख्रीष्टको प्रेम बाँढेर हरेक दिन कम्तीमा एक जना मानिसलाई प्रभु येशू ख्रीष्टको प्रेमको बारेमा बताउने निर्णय मैले गरें । यो निर्णयलाई अघि बढाउन प्रभुले मलाई अझै पनि सहायता गरिरहनुभएको छ ।

सन् १९७१ को वर्षदेखि जब म तामिलनाडू सरकारको निम्ति काम गरिरहेको थिएँ, मेरो आवासदेखि कार्यालयसम्म र फेरि घर फर्केर आउने बाटोमा सुसमाचारका पर्चाहरू वितरण गर्ने मेरो बानी परेको थियो । जब म यो सेवकाइमा थिएँ, मैले हजारौं अविश्वासीहरूका साथै केही परमेश्वरका जनहरूलाई भेट्न पाएको थिएँ । यसबाहेक यो सेवकाइबाट मैले प्राप्त गरेका सम्पर्कहरूबाट मैले चेन्नाइमा मण्डलीको सेवकाइ सुरु गर्न सकेको थिएँ ।

मैले पर्याप्त मात्रामा साहित्यका पर्चाहरू प्राप्त गर्न कठिनाइ भएको हुनाले मेरो निःशुल्क वितरणको निम्ति सुसमाचारीय साहित्य छाप्न म स्थानीय छापाखानामा जानुपरेको थियो । मेरो सेवकाइको निम्ति सुसमाचारका पर्चाहरू छाप्न छापाखानाका मालिकहरू खुसी थिएनन् । यसले मलाई विभिन्न समयमा असहज बनाएको थियो । यस्ता विषम परिस्थितिका बावजूद पनि सेवकाइमा अघि बढ्न परमप्रभुले मलाई सहायता गर्नुभयो ।

अन्य विशवासमा भएका साथीहरूलाई सुसमाचारका पर्चाहरू वितरण गर्दा धेरै पटक मलाई शारीरिक रूपमा आक्रमण गरिएको थियो । तर परमेश्वरले मलाई दुष्ट शक्तिहरूलबाट मलाई बचाउनुभयो र उहाँको सेवकाइमा अघि बढ्न मलाई सहायता गर्नुभयो ।

अब, मैले विश्वासयोग्य रूपमा सेवा गर्ने परमप्रभुले सडकहरू र बजारमा सुसमाचारका पर्चा वितरण गर्ने मेरो नम्र सेवकाइलाई सम्मान गर्नुभयो र सक्षम कर्मचारीहरू, आधुनिक छापाखानाका मसिनहरू, भवनहरू, आदिको साथमा ठूलो सुसमाचारीय साहित्यको सेवकाइको साथमा मलाई आशिष् दिनुभयो । अब, तपाईंलाई थाहै छ, परमेश्वरको अनुग्रहद्वारा यो सेवकाइ येशू ख्रीष्टको सुसमाचारको साथमा विभिन्न देशहरूका मानिसहरूकहाँ पुग्न सक्षम भएको छ किनकि हामीले सोह्र वटा भाषाहरूमा सुसमाचारीय साहित्य अनुवाद र प्रकाशन गर्ने गर्छौं, अंग्रेजी, तामिल, मलायालाम, तेलगू, हिन्दी, मराठी, कन्नाडा, बेंगाली, गुजरात, ओरिया, आसामी, पञ्जाबी, उर्दू, नेपाली, सिंहाला र अफ्रिकान्स । हाम्रो मुख्य मण्डलीमा पाँच वटा भाषाहरूमा हरेक आइतवार आराधनाको सेवा पनि हुन्छ, अंग्रेजी, तामिल, मलायालाम, तेलगू र हिन्दी ।

**परमप्रभुले हाम्रा निम्ति महान् काम गर्नुभएको छ** (भजनसंग्रह १२६:३) । **आँसुको साथमा छर्नेहरूले आनन्दका गीत गाउँदै कटनी गर्नेछन्** (भजनसंग्रह १२६:५) ।

पृष्ठ ६ बाट

**परमेश्वरलाई छोडेर कुनै देवतालाई सेवा गर्नु वा दण्डवत् गर्नुभन्दा बरु आफ्नो जीवन दिन तयार भए । यसकारण, म यो उर्दी दिँदैछु कि कुनै पनि जातिका वा कुनै पनि भाषा बोल्ने मानिसहरूले शद्रक, मेशक र अबेद्नगोका परमेश्वरको विरुद्धमा केही भन्छन् भने उनीहरू टुक्रा-टुक्रा पारी काटिनेछन् र उनीहरूका घर उजाड पारिनेछन् किनभने यसरी कुनै पनि अर्को देवताले बचाउन सक्दैनन्** (दानिएल ३:२८-२९) ।

परमेश्वरले आगोलाई अनुमति दिनुभयो । उहाँले त्यो चर्को हुने अनुमति पनि दिनुभयो । किन ?

पहिलो, किनभने विश्वासमा त्यसद्वारा भएर हिँड्न उहाँले तपाईंलाई भरोसा गर्नुहुन्छ ।

दोस्रो, किनभने उहाँको नाउँमा महिमा ल्याउन उहाँले तपाईंको गवाही प्रयोग गर्नुहुनेछ ।

त्यसैले, मेरा दाजुभाइ, मेरा दिदीबहिनी, उत्साहित हुनुहोस्- अहिले तपाईं जस्तो कुराबाट गुज्रिनुभएको छ, त्यो व्यर्थ हुँदैन । यसले परमेश्वरलाई महिमा ल्याउनेछ र उहाँको शक्तिशाली भाँडोको रूपमा यो उर्लिएको र उज्वल आगोबाट तपाईं निस्कनुहुनेछ ।

## ६. उन्नति

कहिलेकाहीं हामीले आफैंलाई यसरी सोधिरहेका हुन्छौं, के अर्थ राख्छ ? परमेश्वरले सारा महिमा र आदर पाउन लाग्नुभएको छ- उहाँ मात्रै उचालिनुहुन्छ- भने यी सबैमा म कहाँ हुन्छु ?

तर जब हामीले दानिएल ३ अध्यायमा भएको बाँकी कथालाई पढ्छौं, हामीले सुन्दर सत्यता देख्छौं: परमेश्वरमाथि विश्वासयोग्य रूपमा भरोसा गर्नेहरूलाई इनाम दिने परमेश्वर उहाँ हुनुहुन्छ ।

शद्रक, मेशक र अबेद्नगो केवल आत्मिक राज्यमा मात्रै सम्मानित भएनन् तर तिनीहरूले यहाँ पृथ्वीमा पनि इनाम पाए ।

**त्यसपछि राजाले शद्रक, मेशक र अबेद्नगोलाई बेबिलोनको प्रान्तमा पदोन्नति गरिदिए** (दानिएल ३:३०) ।

शैतानले तिनीहरूलाई नष्ट गर्ने योजना गरेको थियो । त्यसको विचार यस्तो थियो:

तिनीहरूको जीवन अन्त्य गर्ने, राजाको तिनीहरूप्रति भएको निगाह अन्त्य गर्ने, तिनीहरूको सेवकाइलाई अन्त्य गर्ने, तिनीहरूको विश्वास अन्त्य गर्ने, तिनीहरूका निम्ति परमेश्वरको योजना अन्त्य गर्ने, तिनीहरूको परीक्षाको गवाही बन्ने अरूको विश्वास अन्त्य गर्ने र अन्त्यमा परमेश्वरको राज्यको विस्तार रोक्ने ।

तर यीमध्ये कुनै पनि भएनन् ।

त्यसको साटो परमेश्वरले शत्रुको योजना त्यसकै टाउकोमा फर्काइदिनुभयो र उक्त अवस्थालाई पृथ्वीभरि उहाँको राज्य विस्तार गर्न र बलियो पार्न प्रयोग गर्नुभयो ।

आगोले के पूरा गरेको थियो, हेर्नुहोस्:

यसले परमेश्वरको योजना पूरा गरेको थियो । यसले परमेश्वरलाई महिमा ल्याएको थियो । यसले तिनीहरूको विश्वासलाई बलियो मात्रै बनाएको थिएन तर अन्य यहूदीहरूको विश्वास पनि बलियो बनाएको थियो- राजाजस्तो गैहयहूदी पनि । यसले तिनीहरूमाथि दुवै परमेश्वर र मानिस (राजा) को आँखामा निगाह ल्याएको थियो । यसले तिनीहरूको जीवन अन्त्य गरेको थिएन, त्यसको साटो यसले तिनीहरूलाई नयाँ सुरुवात दिएको थियो- नवीकरण गरिएको उद्देश्य, दर्शन र पद । यसले प्रमाणित गरेको थियो कि **शत्रुको अर्थमा जे दुष्ट भए पनि परमेश्वरले भलाइमा परिणत गर्नुभयो** (उत्पत्ति ५०:२०) ।

सुनको मूर्तिअघि निहुरिन सबैलाई आदेश दिने राजाले सार्वजनिक रूपमा इस्राएलको परमेश्वरको सर्वोच्चता घोषणा गरेका थिए ।

**...यसरी कुनै पनि अर्को देवताले बचाउन सक्दैनन्** (दानिएल ३:२९) ।

## ७. उत्कट चाहना- विरासत छोड्ने

अन्त्यमा, तीन जना हिब्रू मानिसहरूले शक्तिशाली र रहिरहने विरासत छोडेका थिए- हल्लाउन नसक्ने विश्वासको विरासत, जुन आज सन् २०२५ मा पनि हामी निरन्तर बोलिरहेका छौं ।

परमेश्वरले तिनीहरूलाई आगोमा जाने अनुमति दिनुभयो ताकि आउने पुस्ताको निम्ति गवाहीको रूपमा तिनीहरू खडा हुन सकून् । तिनीहरूको कथाले परमप्रभुको निम्ति उस्तै उत्कट चाहनाको साथमा जिउन हामीलाई चुनौती दिन्छ र प्रेरित गर्दछ ।

तिनीहरूले निडरताका साथ घोषणा गरे:

**... हामीहरू दन्किरहेको आगोको भट्टीमा फालियौं भने हामीले सेवा गरेका परमेश्वरले हामीलाई यसबाट बचाउन सक्नुहुनेछ र हजूरको हातबाट छुटकारा दिनुहुनेछ । तर हामीलाई उहाँले यसो नगर्नुभए पनि हे महाराजा, हजूरका देवताहरूको सेवा गर्नेछैनौं न त हजूरले स्थापना गर्नुभएको सुनको मूर्तिलाई दण्डवत गर्नेछौं भनी हजूरलाई थाहा होस् भन्ने हामी चाहन्छौं** (दानिएल ३:१७-१८) ।

परमप्रभुप्रति तिनीहरूमा भएको साहस र विश्वासलाई हेर्नुहोस् । आफ्नो विश्वासमा सम्झौता गर्नुभन्दा मृत्युको सामना गर्ने चाहना तिनीहरूले गरेका थिए ।

जब हामीले अपेक्षा गरेका कुराहरू नहुँदा हामी प्रायः कसरी निरुत्साहित बन्छौं ? अनि आफ्नो निरन्तरको भक्तिद्वारा यी जवान मानिसहरूले आफ्नै विश्वास मात्रै बलियो बनाएका थिएनन् तर हाम्रो पनि ।

## म तपाईंलाई सोध्न चाहन्छु:

के तपाईं अझै परमेश्वरको सेवा गर्न सक्नुहुन्छ... असफलताको बीचमा ? बिरामी अवस्थाको बीचमा ? पारिवारिक संघर्षको बीचमा ? स्वास्थ्य चुनौतीको बीचमा ? पेशागत दबाबको बीचमा ? व्यक्तिगत निराशाको बीचमा ? बारम्बार आइरहेको निराशाको बीचमा ? तोडिएको अवस्थाको बीचमा ? आशिष् र प्रशस्तताको बीचमा पनि ?



**पछि नफर्कनुहोस् ।**

उहाँले तपाईंलाई पर्खिरहनुभएको छ । त्यसकारण, येशू ख्रीष्ट क्रूसमा मर्नुभयो- ताकि उहाँले हाम्रो निम्ति मध्यस्थ गर्न र हामी कस्तो अवस्थाबाट गुज्रिरहेका छौं भनेर पूर्णरूपमा जान्न सक्नुभएको होस् । उहाँ टाढा हुनुहुन्न नता वास्ता नगर्ने हुनुहुन्छ । उहाँ नजिक हुनुहुन्छ र उहाँको अंगालो खुल्ला छ ।

**त्यसैले, उहाँलाई समातिरहनुहोस् ।**

**उत्कट चाहनाको साथमा उहाँको सेवा गर्नुहोस् ।**

विरासत छोड्ने जीवन जिउनुहोस् ।

*************

**सच्याइएको**

अगस्त २०२५ अंकको पहिलो अनुच्छेद (पहिलो पृष्ठ) मा, स्वतन्त्रता दिवस उत्सवलाई ७९ औँको स । अन्यथा हुन गएको हुनाले हामी त्रुटिको लागि क्षमा चाहन्छौं ।

प्रधान सम्पादक

WANTED

1. COMPUTER OPERATORS (with typing knowledge)
2. ASSISTANT PRINTING PRESS OPERATORS

Contact: ECHO OF HIS CALL (+91) 98412 71858, E.mail : sam@echoofhiscall.org

**NOTICE**

Save our mobile numbers (+91) 98410 71858, (+91) 98412 71858 (main numbers) in your mobile phones.

- Editor

Posted at "Egmore RMS Patrika Channel" RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## Echo of His Call

**YouTube**

Please subscribe

Kindly view and subscribe our **Echo of His Call YouTube Channel** when you get time. Thanks.

- Editor

## OUR BANK DETAILS:

***1. Bank : State Bank of India***

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

***2. Bank : ICICI Bank***

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : ICIC 000 6038

***3. Bank : State Bank of India***
**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**

*****

E.mail : sam@echoofhiscall.org

# ECHO OF HIS CALL

**Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.**

**Annual Subscription : Rs. 100/-** **Life Subscription : Rs. 2000/-**

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.org

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

RNI NO. TNNEP/2000/2841
Postal Regn. No. TN/CH/(C)/194/24-26
WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26
Date of Publication: Third week of every month
Date of Posting : 15th & 16th of every month
Posted at "Egmore RMS Patrika Channel"
on 16th SEPTEMBER 2025.

If un-delivered please return to:

**ECHO OF HIS CALL (NEPALI)**
P.O. Box No. 2957,
Chepauk, Chennai - 600 005, INDIA.
Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766

***JESUS LOVES YOU!***

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers**, New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**